**उच्च अदालत पाटन, हेटौंडा इजलास**
**संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री यमुना भट्टराई**
**माननीय न्यायाधीश श्री मेरिना श्रेष्ठ**

आदेश

दायरी नं.-०८०-WO-००२२
रजिष्ट्रेसन नं.-०८-०८०-०००८९
निर्णय नं.-१८०। इजलास नं.-१
मुद्दाः उत्प्रेषणयुक्त परमादेश।

| | |
|---|---|
| नन्दप्रसाद उप्रेतीको छोरा, बागमती प्रदेश, जिल्ला चितवन, राप्ती नगरपालिका वडा नं.२ बस्ने सोही २ नं. वडा कार्यालय, राप्ती, चितवनका निर्वाचित वडा अध्यक्ष तथा नगर कार्यपालिका सदस्य श्याम सुन्दर उप्रेती-----------------------------१<br>सोमनाथ ईटनीको छोरी, पदमराज धेरेलको पत्नी बागमती प्रदेश, जिल्ला चितवन, राप्ती नगरपालिका वडा नं.५ बस्ने सोही ५ नं. वडा कार्यालय, राप्ती, चितवनका निर्वाचित वडासदस्य तथा नगरकार्यपालिका सदस्य गोमादेवी धेरेल--------------१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| राप्ती नगरपालिकाको कार्यालय, चितवन, बागमती प्रदेश, नेपाल------------------१<br>ऐ.का कार्यालयका नगरप्रमुख शमशेर लामा-------------------------------------१<br>बागमती प्रदेश, जिल्ला चितवन, राप्ती नगरपालिका वडा नं.७ बस्ने सोही ७ नं. वडा कार्यालय, राप्ती चितवनका वडाअध्यक्ष सुमिता डल्लाकोटी------------------१ | विपक्षी |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

**तथ्य खण्ड**

१. राष्ट्र संघियतातर्फ गएपश्चात मिति २०७९ बैशाख ३० गते सम्पन्न भएको दोश्रो स्थानिय निर्वाचनबाट म निवेदक श्यामसुन्दर उप्रेती दोश्रो पटकसमेत वडाअध्यक्षमा निर्वाचित भएको हुँ। मेरो असल कार्य तथा जनताप्रतिको लगाव कै कारण मैले दुई पटकसम्म वडा अध्यक्ष जिती आफ्नो कार्यभार सम्हाल्दै आईरहेको छु। त्यसै म निवेदक गोमा देवी धेरेलले समेत २०७९ बैशाख ३० गते सम्पन्न भएको दोश्रो स्थानिय निर्वाचनबाट दोश्रो

पटकसमेत वडा सदस्यमा निर्वाचित भएको हुँ। मेरो असल कार्य तथा जनताप्रतिको लगावकै कारण मैले दुई पटकसम्म सदस्य जिती आफ्नो कार्यभार सम्हाल्दै आईरहेको छु। यसैक्रममा मिति २०७९।०५।२३ गते सम्पन्न भएको राप्ती नगरपालिकाको सातौं कार्यपालिकाको निर्णयबाट सोही मितिबाट लागु हुनेगरी १ देखि ११ नं. सम्म विभिन्न विषयमा निर्णय भएकोमा सो कार्यपालिकाको बैठकको निर्णय नं.९ मा यस नगरपालिकाको प्रवक्ताका रुपमा म श्यामसुन्दर उप्रेतीलाई साथै महिला समन्वय समितिको संयोजकमा म गोमादेवी धरेललाई चयन गरिएको थियो।

२. म गोमादेवी धरेल उक्त समितिको संयोजकको हैसियतले काम गर्दै आईरहेकी थिए। त्यसैगरी म श्याम सुन्दर उप्रेतीले समेत राप्ती नगरपालिकाको प्रवक्ताको रुपमा काम गर्दै आईरहेको थिए। केही समयसम्म हामीले आफ्नो पदीय जिम्मेवारी अनुसारको काम गर्दै आई रहेकोमा एक्कासी विपक्षी नगरप्रमुखज्यूले मिति २०८०।२।३० गते बैठक बोलाई महिला समन्वय समितिको संयोजकको नाममा विपक्षी सुमिता डल्लाकोटी भनी उल्लेखगरी निजलाई दस्तखत गराई म गोमादेवी धरेलको सट्टामा विपक्षी सुमिता डल्लाकोटीबाट काम कारवाही अगाडी बढाएकोमा सो कुरा हामीले थाहापाई विपक्षी नगरप्रमुखज्यूलाई सोधनी गर्दा मेरो मर्जी म जेसुकै गरौं, मैले जे गर्दा पनि हुन्छ भनी अन्यायपूर्ण जवाफ दिनु भएकोमा त्यसपश्चात पुनः मिति २०८०।३।१९ गते २०७९-०८०/च.नं.४७०५ बाट **"प्रस्तुत विषयमा राप्ती नगरपालिकाको विभिन्न निर्णयहरु सार्वजनिक गर्न राप्ती नगरपालिका वडा नं.२ का वडा अध्यक्ष श्री श्याम सुन्दर उप्रेतीलाई नगर प्रवक्ताको जिम्मेवारी दिईएकोमा हाल निजले नगरपालिका विरुद्ध जथाभावी सर्वसाधारण भ्रमित पार्ने र नगरको निर्णय विपरित हुने किसिमको सूचना तथा अभिव्यक्ति दिएको हुनाले निज श्री श्याम सुन्दर उप्रेतीलाई राप्ती नगरपालिकाको नगर प्रवक्ताको जिम्मेवारीबाट हटाईएको बेहोरा सूंचित गरीन्छ"** भनि प्रेस विज्ञप्तीसमेत निकाली नगरसभाको निर्णय भन्दा बाहिर गई नगरसभाबाट पारीत भएको कुरालाई नगर सभाको निर्णयले बदर नै नगरी विपक्षी नगर प्रमुखज्यूले एकलौटी निर्णय गरी मलाई राप्ती नगरपालिकाको प्रवक्ताको जिम्मेवारीबाट हटाईएको छ भन्नेसमेत प्रेस विज्ञप्ती तथा मिति २०८०।२।३० गतेको निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी मिति २०७९।५।२३ गतेको नगरसभाको निर्णय बमोजिम राप्ती नगरपालिकाको नगर प्रवक्ताको हैसियतले म निवेदक श्यामसुन्दर उप्रेतीलाई काम गर्न र सोही निर्णय बमोजिमको महिला समन्वय समितिको संयोजकको हैसियतले म निवेदक गोमा देवी धरेलले काम गर्न पाउने गरी विपक्षीहरुको नाममा उपयुक्त आज्ञा आदेश जारी गरी विपक्षी नगरप्रमुखज्यूले मिति २०७९।५।२३ गते भएको सातौं कार्यपालिकाको

बैठकको निर्णयलाई प्रभावमा पार्नेगरी तत्काल कुनै काम कारवाही गर्न सक्ने भएको हुँदा निजले उक्त कार्य गरेमा हामीले दायर गरेको प्रस्तुत मुद्दाको निवेदन दावी निरर्थक हुने हुँदा प्रस्तुत मुद्दाको अन्तिम टुंगो नलागेसम्म मिति २०७९।५।२३ गतेको सातौं कार्यपालिकाको बैठकको निर्णयलाई प्रभावमा पार्नेगरी अरु कुनै त्यस्तो निर्णय तथा कार्यसमेत नगर्नु नगराउनु साथै विपक्षी सुमिता डल्लाकोटीलाई तत्काल महिला समन्वय समितिका संयोजकको हैसियतले कुनै काम नगर्नु नगराउनु, जे जुन जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा राख्नु, हामी निवेदकहरुलाई नगरसभाको निर्णय बमोजिम पाएका जिम्मेवारी बमोजिमको काम गर्न दिनु कुनै किसिमको हस्तक्षेप नगर्नु नगराउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२(२) बमोजिम अन्तरिम आदेश समेत जारी गरीपाउँ भन्ने निवेदक श्यामसुन्दर उप्रेती र गोमा देवी धरेलको संयुक्त निवेदनपत्र।

३. यसमा, के कसो भएको हो ? निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण कागजात भए बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र विपक्षीहरुलाई आफै वा कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी निवेदन र आदेशको प्रतिलिपीसमेत साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारीगरी म्यादभित्र लिखित जवाफ परेपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु। निवेदनमा अन्तरिम आदेशसमेतको माग गरेको देखिंदा अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा दुवै पक्षहरुबीच छलफल गराई निष्कर्षमा पुग्न उपयुक्त देखिएकोले सो प्रयोजनार्थ मिति २०८०।०६।१० गतेको दिन पेशी तोकी सो मितिसम्मका लागि सुविधा र सन्तुलनको दृष्टिकोणले राप्ती नगरपालिकाको मिती २०७९।५।२३ को सातौ बैठकको निर्णयलाई प्रभाव पार्नेगरी कुनै निर्णय नगर्नु नगराउनु र मिती २०८०।२।३० को निर्णयलाई तत्काल कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)(क) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिएको छ। प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी विपक्षीहरुबाट मिती २०७९।५।२३ र मिती २०८०।२।३० को निर्णय र सोसँग सम्बन्धित सक्कल कागजातसमेत पेशीको दिन इजलास समक्ष देखाई फिर्ता लैजाने गरी झिकाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०८०।६।५ को आदेश।

४. यसमा नगर कार्यपालिकाको मिति २०७९।५।२३ को निर्णय नं.९ बाट निवेदक श्यामसुन्दर उप्रेतीलाई नगरपालिकाको प्रवक्ताको रुपमा र गोमादेवी धरेललाई महिला समन्वय समितिको संयोजकको रुपमा चयन गरिएको देखिएको अवस्थामा कानून बमोजिम

बाहेक नगरप्रमुखको एकल निर्णयबाट निजहरुलाई परिवर्तन गर्न मिल्ने अवस्था नदेखिंदा निवेदनको किनारा नभएसम्म श्यामसुन्दर उप्रेतीलाई प्रवक्ताको जिम्मेवारीबाट हटाइएको भन्ने मिति २०८०।३।१९ को सूचना कार्यान्वयन नगर्नू र गोमादेवी धेरेललाई महिला समन्वय समितिको संयोजकको रुपमा काम गर्न दिनु भनी यस अदालतबाट मिति २०८०।६।५ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरीदिएको छ। सोको जानकारी दुवैपक्षलाई दिनुहोला भन्ने यस अदालतको मिति २०८०।६।१० को आदेश।

५. हामी लिखित जवाफकर्ताहरु मध्ये म शमशेर लामा राप्ती नगरपालिकाको निर्वाचित-२ जनप्रतिनिधिको रुपमा नगरप्रमुखको हैसियतले संविधानले प्रदत्त गरेको अधिकारको पूर्णरुपमा पालना गर्दै स्थानिय तहको राप्ती नगरपालिकाको नगरप्रमुखको हैसियतले मिति २०७९।०५।२३ गते बसेको सातौं नगर कार्यपालिकाको बैठकबाट ७ वटा समितिहरु मध्ये महिला समन्वयन समितिको संयोजकमा विपक्षी निवेदक गोमादेवी धेरेललाई चयन गरिएको यसैगरी २ नं. वडाको निर्वाचित वडाअध्यक्ष तथा नगरकार्यपालिका सदस्य विपक्षी निवेदक श्यामसुन्दर उप्रेतीलाई राप्ती नगरपालिकाको प्रवक्ताको रुपमा चयनगर्ने निर्णयसम्म भएको तथ्यमा विवाद छैन। विपक्षी निवेदकहरु राप्ती नगरपालिको सातौं कार्यपालिकाको बैठकबाट प्रवक्ता र महिला समन्वयन समितिको संयोजकमा आफूहरुको नाम निर्णय भएपछि नगर कार्यपालिकाको हितमा कार्य गर्नुपर्नेमा राजनितिक आस्थाको कारण नगरको हित विपरित कार्यमा उभिने नगर कार्यपालिकाको बैठकमा उपस्थित भई बाधा अवरोध श्रृजना गरी बैठक सम्पन्न हुन नदिने कृयाकलापहरु विपक्षीहरुबाट हुन गएको हुँदा उक्त सातौं नगरकार्यपालिकाको बैठकको निर्णय अनुरुपको जिम्मेवारी निर्वाह गर्नुभनी नगरप्रमुख वा प्रमुख प्रशासकिय अधिकृतबाट विपक्षीहरुलाई अधिकारसहितको विधिवतरुपमा पत्र जारी गरिएको अवस्था छैन। विपक्षीहरुले आफ्नो निवेदन साथ सो प्रमाण पेश गर्न सक्नु भएको समेत पाइएन। स्थानिय तहबाट विपक्षी निवेदकहरुलाई यो मितिदेखि लागू हुनेगरी यति मितिसम्मको लागि प्रवक्ता र संयोजकको जिम्मेवारी प्रदान गरिएको छ भनी अधिकार नै प्रत्यायोजन नभएको अवस्थामा आफूखुसी निर्णयकै मात्र आधारमा प्रवक्ता र संयोजक रहेको भनी सम्मानित अदालतलाई समेत गुमराहमा राखी स्थानिय तहको काम कार्यहरुमा जे जसरी भएपनि अवरोध खडा गरी दुःख र हैरानी दिने नियत बस कानुन बमोजिम निर्विवाद हक अधिकार नै सृजित नभएको पदमा आफूहरु निरन्तर रहेर कार्य गर्न पाउनु पर्दछ भनी दिएको निवेदनकै मात्र आधारमा जारी भएको अन्तरिम आदेश कायम रही रहन सक्ने अवस्था छैन। विपक्षीहरुको निवेदन मागदावी

बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेशसमेत जारी हुनुपर्ने अवस्था नभएकोले बिपक्षीहरुको रिट निवेदन र अन्तरिम आदेशसमेत खारेज गरीपाउँ भन्ने व्यहोराको विपक्षी राप्ती नगरपालिकाको कार्यालय समेतको लिखित जबाफ।

## ठहर-खण्ड

६. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत निवेदन तथा लिखित जवाफसमेतका मिसिल कागजात अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्वय श्री ईश्वरराज ढकाल र श्री युवराज वलीले विपक्षी नगर प्रमुख शमशेर लामाले एकलौटी रुपमा निर्णय गरी निवेदक श्यामसुन्दर उप्रेतीलाई राप्ती नगरपालिकाको प्रवक्ताको जिम्मेवारीबाट र सोही निर्णय बमोजिम महिला समन्वय समितिको संयोजकको हैसियतले निवेदक गोमा देवी धरेललाई काम गर्न नपाउने गरी जिम्मेवारीबाट हटाई विपक्षी सुमिता डल्लाकोटीलाई संयोजकको जिम्मेवारी दिएको कार्य त्रुटीपुर्ण छ। नगरसभाबाट भएको निर्णय नगरप्रमुखले उल्टाउन मिल्दैन। विपक्षी प्रमुखज्यू मिति २०७९।५।२३ गते भएको सातौं कार्यपालिकाको बैठकको निर्णयलाई गैरकानूनी तवरबाट बदर हुने गरी अर्को एकलौटी निर्णय गरेका छन्। विपक्षीहरुका नाउँमा उत्प्रेषण परमादेशको आदेश समेत जारी गरीपाउँ भनी गर्नुभएको बहस सुनियो।

७. त्यसैगरी प्रत्यर्थीहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री अमृत कुमार लामाले स्थानिय तहबाट यी निवेदकहरुलाई यो मितिदेखि लागू हुनेगरी यति मितिसम्मको लागि प्रवक्ता र संयोजकको जिम्मेवारी प्रदान गरिएको छ भनी अधिकार नै प्रत्यायोजन नभएको अवस्थामा आफूखुसी निर्णयकै मात्र आधारमा प्रवक्ता र संयोजक रहेको भनी सम्मानित अदालतलाई समेत गुमराहमा राखी स्थानिय तहको काम कार्यहरुमा जे जसरी भएपनि अवरोध खडा गरी दुःख र हैरानी दिने नियत बस कानुन बमोजिम निर्विवाद हक अधिकार नै सृजित नभएको पदमा आफूहरु निरन्तर रहेर कार्य गर्न पाउनु पर्दछ भनी दिएको निवेदनकै मात्र आधारमा जारी भएको अन्तरिम आदेश कायम रही रहन सक्ने अवस्था विद्यमान नभएको हुँदा विपक्षीहरुको निवेदन मागदावी बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेशसमेत जारी हुनुपर्ने अवस्था नभएकोले प्रथमदृष्टिमानै खारेजयोग्य रहेकोले रीट निवेदन खारेजगरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

८. यसमा विपक्षी नगर प्रमुख शमशेर लामाले एकलौटी रुपमा निर्णय गरी निवेदक म श्यामसुन्दर उप्रेतीलाई राप्ती नगरपालिकाको प्रवक्ताको जिम्मेवारीबाट र सोही निर्णय बमोजिम महिला समन्वय समितिको संयोजकको हैसियतले निवेदक म गोमा देवी धरेललाई काम गर्न नपाउने गरी जिम्मेवारीबाट हटाई विपक्षी सुमिता डल्लाकोटीलाई संयोजकको

जिम्मेवारी दिएकोले विपक्षी नगरप्रमुखज्यूलाई मिति २०७९।५।२३ गते भएको सातौं कार्यपालिकाको बैठकको निर्णयलाई प्रभावमा पार्नेगरी तत्काल कुनै काम कारवाही नगर्नु साथै विपक्षी सुमिता डल्लाकोटीलाई तत्काल महिला समन्वय समितिका संयोजकको हैसियतले कुनै काम नगर्नु नगराउनु, जे जुन जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा राख्नु, निवेदकहरुलाई नगर कार्यपालिकाको निर्णय बमोजिम पाएको जिम्मेवारी बमोजिमको काम गर्न दिनु, कुनै किसिमको हस्तक्षेप नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेत जारी गरीपाउँ भन्ने निवेदक श्यामसुन्दर उप्रेती र गोमा देवी धरेलको संयुक्त निवेदन दावी एवं निवेदकहरुलाई यो मितिदेखि लागू हुनेगरी यति मितिसम्मको लागि प्रवक्ता र संयोजकको जिम्मेवारी प्रदान गरिएको छ भनी अधिकार नै प्रत्यायोजन नभएको अवस्थामा आफूखुसी निर्णयकै मात्र आधारमा प्रवक्ता र संयोजक रहेको भनी सम्मानित अदालतलाई समेत गुमराहमा राखी स्थानिय तहको काम कार्यहरुमा जे जसरी भएपनि अवरोध खडा गरी दुःख र हैरानी दिने नियत बस कानुन बमोजिम निर्विवाद हक अधिकार नै सृजित नभएको पदमा आफूहरु निरन्तर रहेर कार्य गर्न पाउनु पर्दछ भनी दिएको निवेदनकै मात्र आधारमा जारी भएको अन्तरिम आदेश कायम रही रहन सक्ने अवस्था विद्यमान नभएको हुँदा विपक्षीहरुको निवेदन मागदावी बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेशसमेत जारी हुनुपर्ने अवस्था नभएकोले प्रथमदृष्टिमानै खारेजयोग्य रहेकोले रीट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी राप्ती नगरपालिकाको कार्यालय समेतको लिखित जबाफ रहेको देखियो।

९. उपरोक्तानुसारको निवेदन बेहोरा, लिखित जवाफ तथा वहस बुंदासमेतका मिसिलसंलग्न कागजातहरुको अध्ययन गरी निवेदकको निवेदन माग बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णय तर्फ विचार गर्दा, विपक्षी नगर प्रमुख शमशेर लामाले एकलौटी रुपमा निर्णय गरी निवेदक म श्यामसुन्दर उप्रेतीलाई राप्ती नगरपालिकाको प्रवक्ताको जिम्मेवारीबाट र सोही निर्णय बमोजिम महिला समन्वय समितिको संयोजकको हैसियतले निवेदक म गोमा देवी धरेललाई काम गर्न नपाउने गरी जिम्मेवारीबाट हटाई विपक्षी सुमिता डल्लाकोटीलाई संयोजकको जिम्मेवारी दिएकोले विपक्षी नगरप्रमुखज्यूलाई मिति २०७९।५।२३ गते भएको सातौं कार्यपालिकाको बैठकको निर्णयलाई प्रभावमा पार्नेगरी तत्काल कुनै काम कारवाही नगर्नु साथै विपक्षी सुमिता डल्लाकोटीलाई तत्काल महिला समन्वय समितिका संयोजकको हैसियतले कुनै काम नगर्नु नगराउनु, जे जुन जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा राख्नु, निवेदकहरुलाई निर्णय बमोजिम पाएका जिम्मेवारी बमोजिमको काम गर्न

दिनु, कुनै किसिमको हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेत जारी गरीपाउँ भन्ने निवेदकहरुको निवेदन दावी रहेकोमा मिसिल संलग्न राप्ति नगरपालिकाको १३ औ नगरसभाको मिति २०८०।०३।३० को निर्णय माइन्युटको विविध खण्डको निर्णय नं. ५ मा राप्ती नगरपालिका महिला समन्वय समितिको अध्यक्षमा वडा नं. ७ की वडा अध्यक्ष श्री सुमिता डल्लाकोटीलाई गरिएको नियुक्ती र नगर प्रमुख स्तरीय निर्णय गरी प्रेस विज्ञप्ती मार्फत राप्ती नगरपालिकाका प्रवक्त श्री श्याम सुन्दर उप्रेतीलाई हटाएको व्यहोरा यस सभाबाट अनुमोदन गर्ने निर्णय गरियो भन्ने वेहोरा उल्लेख रहेको पाइयो।

११. यसैगरी मिति २०८०।०३।३० गते शनिबार राप्ती नगरपालिकाको प्रशासनिक हलमा राप्ती नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा राप्ती नगरपालिकाको तेह्रो नगर सभाको बैठक बसी निति कार्यक्रम, आ.ब २०८०।८१ को बार्षिक बजेट, राप्ती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, स्थानीय भाषा ऐन, २०८० समेत यी निवेदकहरुको उपस्थितिमा नै सभामा प्रस्तुत भई छलफल पश्चात अनुमोदनको निर्णय भएको भन्ने विपक्षीहरुको लिखित जवाफ वेहोरा एवं प्रमाणको रुपमा मिसिल सामेल रहेको १३ औ सभाको माइन्युटबाट देखिन आयो। निवेदकहरुले माइन्युटमा रहेको निवेदकहरुको हस्ताक्षर सम्बन्धमा अन्यथा हो भनी भन्न सकेको देखिएन। उक्त नगर सभामा निवेदकहरु नै सदस्यको रुपमा उपस्थिति भई गरिएको अभिलेख निर्णय माइन्युटलाई पुर्ण रुपमा अन्यथा हो भनी जिकिर लिएको समेत नदेखिएबाट यी निवेदकहरु नगरसभामा उपस्थित रहि प्रस्तावित प्रस्तावहरु उपर छलफलमा सहभागी रहि उक्त माइन्युटमा उल्लेखित निर्णयहरु वैध रुपमा तयार भई अभिलेख रहेको भनी विश्वास मान्नुपर्ने देखियो।

१२. अदालतमा उपचार मागन आउने व्यक्तिले आफ्नो वेहोरा सहि र उपयुक्त ढंगबाट प्रस्तुत गर्नुपर्दछ। निवेदकहरुले नगरसभामा सहभागि भई निर्णयमा सहमति जनाएको तथ्यलाई लुकाई एवं भ्रमात्मक तबरले बंग्याई प्रस्तुत निवेदन लिई अदालतमा प्रवेश गरेको देखियो। साथै निवेदकहरुले नगरसभामा उपस्थित भई हस्ताक्षर समेत गरीसकेपछि सो हस्ताक्षर सहितको माइन्युटमा भएको निर्णयलाई हामीहरुको सहमति थिएन, हामीले गरेको होइन वा सो कुरा होइन भनि लिएको निवेदन जिकिर प्रमाण ऐन, २०३१ को दफा ३४(१) बमोजिमको विवन्धनको सिद्धान्त समेतबाट बिबन्धित हुन्छ। विबन्धनको सिद्धान्त अनुसार कसैलाई पनि परस्पर विरोधी कुरा गर्ने अधिकार हुदैन। आफू नगरसभामा

उपस्थित भई छलफलमा सहभागी रहि निर्णयमा एकपटक सहमति जनाएपछि उक्त कुरा प्रति बचनबद्ध हुनुपर्दछ। प्रस्तुत रिट निवेदनमा भएको तथ्यलाई लुकाउने, तथ्यलाई बङ्गाउने कार्यले सफा हात र शुद्ध हृदय लिएर यी निवेदकहरु अदालतमा प्रवेश गरेको नदेखिंदा निवेदकहरुको माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। निवेदन माग बमोजिमको उत्प्रेषण युक्त परमादेश लगायतको उपर्युक्त आदेश जारी गराई पाउँ भन्ने विद्वान अधिवक्ताको बहस जिकिरसंग सहमत हुन सकिएन।

१३. तसर्थ, माथि विवेचित आधारमा निवेदन माग बमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। साथै मिति २०८०।०६।०५ गते जारी भएको अल्पकालिन अन्तरिम आदेश निश्क्रिय गरी दिएको छ। प्रस्तुत आदेश विद्युतीय सन्जालमा अपलोड गर्नू र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनूहोला।

**यमुना भट्टराई**
**न्यायाधीश**

**उपर्युक्त रायमा मेरो सहमति छ।**

**मेरिना श्रेष्ठ**
**न्यायाधीश**

**आदेश तयार पार्न सहयोग गर्नेः**

शाखा अधिकृतः दिपककुमार श्रेष्ठ

कम्प्युटर अपरेटरः प्रदिप बस्नेत

इति सम्बत् २०८० साल मंसीर २५ गते रोज २ शुभम्----------------------------------।

प्रमाणिकरण मिति                                                    अदालतको छाप

न्यायाधीश